# भूमिकास्थान नगरपालिका

भूमिकास्थान नगरपालिकाको नगरसभाको १९औं अधिवेशनमा नगरपालिकाका
उप–प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक
श्री बालकृष्ण बन्जाडेद्धारा प्रस्तुत
आर्थिक बर्ष २०८३/०८४ को बजेट बक्तव्य

१० आषाढ, २०८३

## भूमिकास्थान नगरपालिका

नुवाकोट, अर्घाखाँची

भूमिकास्थान नगरपालिकाको

# आ.ब. २०८३/०८४ को प्रस्तावित बजेट तथा कार्यक्रम

सभाका श्रदेय अध्यक्ष ज्यू,
नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत उपस्थित सम्पूर्ण कर्मचारी ज्यूहरु ।

१. भूमिकास्थान नगरपालिकाको नगरसभाको १९औं अधिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेट, योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा श्रदेय अध्यक्ष ज्यू लगायत सम्पूर्ण सदस्य ज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु साथै यस पावन अवसरमा राष्ट्र र जनताको लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण वीर शहिदहरु प्रति श्रद्धान्जली अपर्ण गर्दछु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्युहरु,**

२. नगरको समग्र सन्तुलित विकासको विषयलाई मध्यनजर गर्दै र विगतमा भएका राम्रा पक्षहरुको अनुसरण गर्दै थप सृजनशिल हुनु नै अहिले नगरको प्रमुख ध्येय रहेको छ । नगरपालिकाको हालको अवस्थालाई हेर्दा नगरको आफ्नै आम्दानी निकै कम भएको कारण विकासको लागि संघीय तथा प्रादेशिक बजेट मै निर्भर हुनुपर्ने विगतको अवस्थालाई केही हदसम्म भएपनि परिवर्तन गर्न आगामी आर्थिक वर्षको लागि करका दायराहरु बढाउने कार्यलाई प्राथमिकता दिईएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ मा तोकीएको सिलिंगभन्दा समानिकरण अनुदान र राजश्व वाडफांड शिर्षकमा कम बजेट निकासा हुनुले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई भुक्तानी दिन कठिनाई उत्पन्न भएको छ जसले गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जूमामा विनियोजन चाप बढेर गएको छ । चालु आर्थिक वर्षमा तोकीएको सिलिंगभन्दा कम बजेट आउनु र आगामी आर्थिक वर्षको सिलिंग समेत घटेर आउनुले नगरको सोंच तथा जनताको आकांक्षालाई प्रभावकारी रुपमा सम्बोधन गर्न कठिनाई भएता पनि यथासक्य सबैक्षेत्रलाई सम्बोधन गर्ने प्रयास भएको व्यहोरा सभा समक्ष निवेदन गर्दछु । अति न्यून आन्तरिक आय र संघ तथा प्रदेशको न्यून निशर्त अनुदानबाट नगरको पूर्वाधारको क्षेत्र, आर्थिक विकासको क्षेत्र, सामाजिक विकासको क्षेत्र, वन वातावरण तथा विपद्को क्षेत्र र सुशासनको क्षेत्रमा काम गरी सन्तुलित विकासलाई टेवा पुर्‍याउनु हाम्रो दायित्व भएकोले सोही बमोजिम बजेट विनियोजन गर्ने प्रयास गरेकोछु ।

३. नगरपालिको आर्थिक वर्ष २०८२/०८३ को प्रगतिको सन्दर्भमा नगरसभाको १७औं अधिवेशनले लिएको नीति तथा कार्यक्रम र बजेटको जगमा अगाडी बढेको व्यहोरा अनुरोध गर्दै प्रगति सन्तोष जनक बनाउने प्रयास गर्दागर्दै आशातित प्रगति हासिल गर्न नसकेको यथार्थ सभा समक्ष जानकारी गराउन चाहान्छु अझ खर्चको चौमासिक वितरणलाई धेरै नै सुधार गर्दै जानुपर्ने अवस्था सृजना भएकोले आगामी दिनहरुमा यस तर्फ सबैको ध्यान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

४. आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन मध्यमकालिन खर्च संरचनाले सहयोग गर्ने भएकोले नगरपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरूको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चिततताको माध्यमद्धारा दिगो विकास हासिल गर्न र नगरको दीर्घकालीन सोच **'कृषि, पर्यटन, उद्योग र रोजगार ॥ समृद्ध भूमिकास्थानको मूल आधार' ॥** भन्ने नारालाई चरितार्थ गर्न आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्ताव गरेको व्यहोरा अनुरोध गर्न चाहान्छु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्युहरु,**

६. प्रस्तुत बजेट तथा कार्यक्रम नेपालको संविधान, दिगो विकास लक्ष्य, राष्ट्रिय नीतिहरु, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहका अन्य ऐनहरु तथा सो सम्बद्ध कार्यविधि, नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, नगरपालिकाले तय गरेका नीति एवं विभिन्न परिपत्रहरुले निर्दिष्ट गरेका मार्गदर्शनहरुको साथै अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, एवं योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, विगतका आर्थिक वर्षहरुमा आयोजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा प्राप्त सिकाईहरु समेतका आधारमा तयार गर्ने प्रयास गरिएको छ ।

७. आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि प्रास्तावित आयोजनाहरुमा विशेषत अधुरा योजनाहरुलाई सम्पन्न गर्ने गराउने क्षेत्रहरुमा, वडास्तरीय महत्वका योजनाहरुमा, विपद् न्यूनिकरण गर्ने तथा नगरवासीहरुलाई रोजगारी उपलब्ध गराउने विषयमा बजेट विनियोजन गर्ने प्रयास गरिएको छ । यसका साथै शिक्षाको गुणस्तर सुधार, कृषि र पशुपालन क्षेत्रको दीगो विकास, लक्षित समूदायको विकास, कृषि, उद्योग क्षेत्र र स्वास्थ्यको क्षेत्रमा सुधार गर्ने गरी बजेट व्यवस्थापन गर्ने प्रयास गरिएको छ ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्युहरु,**

८. अब म नगरको समग्र विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने उदेश्यले नगरले तय गरेको नीति तथा कार्यक्रमको आधारमा भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष ०८३/०८४ को क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## *क) भौतिक पूर्वाधार तर्फ*

१. नगर तथा वडाका मुख्य सडकहरुको स्तरोन्नतिको कार्यलाई प्रमुख प्राथमिकताका साथ अगाडि बढाउने विगतको नीति बमोजिम नै ठूला सडकहरुको स्तरोन्नतीको लागि आवश्यक वजेट तथा समन्वयको कार्य भैरहेको छ । नगरका मुख्य ४ सडक मध्ये गच्छे ढिकुरा धनचौर सडक र धारापानी ढाकावांग सडकहरुको स्तरोन्नतिको कार्य प्रदेश सरकारबाट अगाडी बढाईरहेको अवस्था छ भने नरपानी ढिकुरा नुवाकोट सडकमा प्रदेश सरकार र नगरपालिकाबाट समानान्तर रुपमा कार्य अगाडी बढि रहेकोछ । आगामी आर्थिक वर्षमा समेत नरपानी ढिकुरा नुवाकोट सडकलाई आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२. नरपानी ढिकुरा नुवाकोट सडक र वेल्बोट असुरकोट जोगिटारी सडकको कालोपत्रे गर्ने कार्य भै रहेकोमा आगामी वार्षमा समेत दुवै सडकको लागि नगरपालिकाबाट रु. १ करोड २८ लाख र संघीय म्याचिंग रु. १ करोड ८९ लाख गरी जम्मा रु. ३ करोड १७ लाख विनियोजन गरिएको छ ।

३. उपल्लापोखरा भूमेकाथान पिपलनेटा सडक कालोपत्रे गर्ने कार्य चालु आर्थिक वर्षमा समेत अगाडी बढिरहेकोमा उक्त सडक कालोपत्रेको कार्य सम्पन्न गर्न आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि नगरपालिकाबाट जम्मा २० लाख बजेट विनियोजन गरेको छु ।

४. हालसम्म सडक कालोपत्रेको कार्य सम्पन्न हुन नसकेका वडा तहका मुख्य ७ वटा सडकहरुलाई आर्थिक वर्ष २०८३/०८४ मा कालोपत्रेको कार्य सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छु । वडा गौरवका उक्त ७ वटा सडकहरुको लागि जम्मा रु. ३ करोड ७० लाख बजेट विनियोजन गरेकोछु ।

५. नगरपालिकाको प्रशासकीय भवनको निर्माणको लागि संघीय सरकार संगको सझेदारीमा कार्य गर्न आर्थिक वर्ष २०८३/०८४ को लागि म्याचिङको रुपमा रु. १ करोड २० लाख बजेट विनियोजन गरिएको छ ।

६. भूमिकास्थान नगरपालिकाका विभिन्न क्षेत्रहरुमा खानेपानीको सुधार विस्तार गर्नुको साथै यार्ड सिस्टमबाटमा खानेपानी सुविधा पुर्‍याउने उदेश्यका साथ खानेपानीको क्षेत्रमा कार्य भईरहेको ब्यहोरा अवगत गराउन चाहान्छु ।

७. विभिन्न पूर्वाधारका योजनाहरुको मर्मत सम्भारको लागि मर्मत संभारकोषको व्यवस्था गरी मर्मत संभारको कार्यलाई अगाडि बढाइएकोमा आर्थिक वर्ष

२०८३/०८४ को लागि समेत विभिन्न योजनाहरुको मर्मत संभार गर्नको लागि नगरतर्फको रु. २० लाख र वडा तर्फको समेत गरी मर्मत संभार तर्फ रु. ९४ लाख २५ हजार बजेट विनियोजन गरिएकोछ ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने आयोजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरपालिकाबाट म्याचिंगको रुपमा छुट्टै रु. ४ लाख ४७ हजार बजेट विनियोजन गरेको छु ।

९. आर्थिक वर्ष २०८३/०८४ मा पूर्वाधार क्षेत्रको समग्र विकासको लागि जम्मा रु. १२ करोड १३ लाख २५ हजार बजेट विनियोजन गरेको छु ।

***ख) <u>आर्थिक विकास तर्फ</u> ( कृषि, पशु, पर्यटन, उद्योग)***

१. स्वस्थ र विषादी रहित कृषिजन्य वस्तु उत्पादन गरी उच्च मूल्य प्राप्त गर्न तथा मानव स्वास्थ्यमा सुधार ल्याउन प्रांगारिक खेति प्रणालीलाई प्राथमिकता दिने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२. कृषिको व्यवसायीकरण, आधुनिकरण र औद्योगिकीकरणको लागि कृषकहरुलाई आधुनिक प्रविधी उपलब्ध गराउन ५० प्रतिशत अनुदानमा हाते ट्रयाक्टर तथा अन्य कृषि सामग्री उपलब्ध गराउनको लागि बजेट व्यवस्था गरिएको छ ।

३. पशुपालन व्यवसायमा देखिने महामारी रोगहरुले पुर्याउन सक्ने क्षति समेतलाई मध्यनजर गर्दै यस प्रकारका महामारीजन्य रोगहरुको उपचारको लागि तथा खोप सेवा संचालनको लागि बजेटको व्यवस्था गरेको छु ।

४. पशुहरुमा देखिने विभिन्न प्रकृतिका रोगहरुको उपचारको लागि आवश्क पर्ने औषधीको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

५. उपभोक्ताहरुलाई गुणस्तरीय सामग्रीहरुको उपभोगलाई सुनिश्चित गराउन बजार अनुगमनको कार्यलाई तिव्रता दिने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६. विगतमा उद्यमशील कार्यमा संलग्न हुने गरी तालिम प्राप्त गरेका उद्यमीहरुको प्रोत्साहनको लागि उद्यमी सहयोग कार्यक्रमको लागि निश्चित बजेटको व्यवस्था गरको छु ।

७. आर्थिक वर्ष २०८३/०८४ समग्र आर्थिक विकासको लागि सशर्त तथा निशर्त बजेट गरी जम्मा रु. ४८ लाख बजेट विनियोजन गरेको छु ।

***ग) सामाजिक विकास तर्फ (शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, <u>महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा विपन्न/दलित, आदिवासी/जनजाति अपाङ्ग, पिछडिएको वर्ग सम्बन्धी नीति)</u>***

१. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न जम्मा रु.२ करोड ९९ लाख ४७ हजार बजेट विनियोजन गरिएको छ ।

२. खेलकुद स्वस्थ जीवनको लागि र राष्ट्रको पहिचानको लागि अत्यन्त महत्वपूर्ण हुने भएकोले नगरमा यसको संस्थागत विकास गर्न आर्थिक वर्ष २०८३/०८४ मा मेयरकप भलिवल प्रतियोगित र उपमेयरकप क्रिकेट प्रतियोगिता लाई निरन्तरता दिईएकोछु ।

३. विभिन्न विद्यालयको घेराबार तथा मर्मतको लागि प्रदेश विशेष अनुदान शिर्षक अन्तर्गत रु. २२ लाख बजेट विनियोजन गरिएकोछ ।

४. नगरपालिकाले विगतमा संचालन गर्दै आएको एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम र राष्ट्रपति रनिङशिल्ड कार्यक्रमलाई निरन्तरताको लागि बजेट व्यवस्था गरिएको छ ।

५. सामूदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापनको लागि सशर्त शिर्षकमा रु. १३ लाख ३६ हजार बजेट व्यवस्था गरिएको छ ।

७. स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउनको लागि आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी तथा सर्जिकल सामग्री खरिद, आयुर्वेद स्वास्थ्य सेवाको लागि औषधी खरीद, माहिला स्वास्थ्य स्वयंसेविका सहयोग कार्यक्रम, PNC home भिजिट, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम लगायतका कार्यक्रममा बजेटको व्यवस्था गरको छु ।

८. महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित तथा जनजाति विशेष कार्यक्रमको लागि बजेट व्यवस्था गरिएको छ ।

९. लैगिंक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको लागि बजेट व्यवस्था गरेको छु ।

१० न्यायिक समिति, जनप्रतिनिधीहरु र मेलमिलापकर्ताहरुको तालिम र न्यायिकभेला संचालनको लागि बजेटको व्यवस्था गरेको छु ।

११. पंजिकरण तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारीरुपमा अगाडी बढाउन आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

११. आर्थिक वर्ष २०८३/०८४ समग्र सामाजिक विकासको लागि सशर्त तथा निशर्त बजेट गरी जम्मा रु. २४ करोड ३३ लाख ४ हजार बजेट विनियोजन गरेको छु ।

## ***घ) वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ***

१. नगरको विपद् प्रतिकार्य योजना बमोजिमको कार्य गर्न र प्राकृतिकजन्य तथा अन्य प्रकृतिको विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा रहने गरी रु. २० लाख बजेट विनियोजन गरेकोछु ।

२. वन वातावरण र विपद् व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्न टोल विकास संस्थाहरुलाई सक्रिय बनाउने क्षमता अभिवृद्धि गर्ने गरी र

वातावरणीय स्वच्छता तथा अन्य अभियानात्मक क्रियाकलापहरु संचालन गर्नको लागि बजेटको व्यवस्था गरिएको छ ।

### *ङ) सुशासन तथा संस्थागत विकास समिति*

१. नगरको विकास निर्माण एवं सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण जस्ता कार्यलाई निरन्तरता दिनको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।

२. पारदर्शीतालाई थप प्रभावकारी बनाउन र सेवा प्रवाहलाई सहज तथा सरल बनाउनको लागि साथै सूचनाको हक सम्बन्धी विषयलाई मध्यनजर गर्दै स्थानीय पत्र पत्रिका,F.M.रेडियो, केवल T.V.र नगरपालिकाको वेभ साईट मार्फत सूचना प्रकाशन एवं प्रसारण गर्ने कार्यलाई निरन्तरता दिने गरी आवश्यक बजेट व्यवस्थापन गरिएको छ भने भूमिकास्थान नगरपालिकाको विकासको सन्दर्भमा जनताहरुलाई सूसुचित गराउने र पारदर्शिता अभिवृद्धि गर्ने उदेश्यले आर्थिक वर्ष २०८३/०८४ मा नगर विकासमा एफ रेडियो कार्यक्रम संचालन गर्नको लागि बजेटको व्यवस्था गरेको छु ।

३. नगरपालिका भित्रका विकास निर्माणका कार्य र आपूर्तिका कार्यहरुलाई प्रतिस्पर्धी बनाउनको लागि नगरपालिकाबाट ठेक्का बन्दोवस्त गर्दा E-bidding को कार्यलाई निरन्तरता दिईने छ ।

४. योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन विभिन्न योजनाको लागि गठित उपभोक्ता समितिहरुलाई तालिम दिने कार्यलाई निरन्तरता दिन बजेट व्यवस्था गरीएको छ ।

५. नगरपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता विकासको विभिन्न प्रकृतिका तालिमको लागि, नगरपालिकासंग सम्बन्धित विभिन्न ऐन, नियमावली, कार्यविधी, मापदण्डको बारेमा वडासदस्य, कार्यपालिकाका सदस्य, कर्मचारीहरुलाई अभिमूखिकरण गर्न, गोष्ठीहरु संचालन गर्न र अन्तक्रिया गर्नको लागि बजेट व्यवस्था गरिएकोछ ।

### श्रद्धेय सभाध्यक्ष एवं सदस्यज्यूहरु

सर्वप्रथम म आर्थिक वर्ष २०८३/०८४ को विषय क्षेत्रगत र उपक्षेत्रगत बजेटको प्रस्तावित अनुमानित आय तथा विनियोजन विवरण प्रस्तुत गर्दछु ।

आर्थिक वर्ष २०८३/०८४ को लागि आर्थिक विकासका क्षेत्रको लागि सशर्त समेत गरी १ करोड २७ लाख ६५ हजार विनियोजन गरेको छु । जस अन्तर्गत कृषि, खाद्य सुरक्षा तथा सिंचाई, पशुपंक्षि सेवा, पर्यटन, संस्कृति तथा सम्पदा, उद्योग, व्यापार र व्यवसायको साथै भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा क्षेत्रहरु रहेका छन् । यसै

गरी सामाजिक विकास तर्फ २४ करोड ३३ लाख ४ हजार बजेट विनियोजन गरीएको छ । यसमा श्रम, रोजगार र गरिबी निवारण जनस्वास्थ्य तथा पोषण, शिक्षा, कला तथा साहित्य, खानेपानी, सरसफाई तथा स्वच्छता, महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण, युवा, खेलकुद तथा नवप्रवर्द्धन क्षेत्र समेटीएको व्यहोरा निवेदन गर्न चाहान्छु । बस्ति विकास, आवास तथा भवन, सडक, पुल तथा यातायात, जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा, सूचना संचार तथा प्रविधिका क्षेत्रहरू सुमेटीएको पूर्वाधार विकास क्षेत्रको लागि रू. १२ करोड १३ लाख २५ हजार विनियोजन गरिएकोछ । वन वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा रू. २० लाख बजेट विनियोजन गरेको छु यस क्षेत्र अन्तर्गत वन, हरियाली, भू तथा जैविक विविधता संरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई समेटीएको व्यहोरा सभासमक्ष अनुरोध गर्दछु । सोही बमोजिम सुशासन तथा संस्थागत विकासका क्षेत्रमा रू. १२ करोड ९२ लाख ४७ हजार विनियोजन गरेको छु । यस क्षेत्र अन्तर्गत नीति, कानुन, न्याय तथा सुशासन, सगठन, मानव संशाधन तथा क्षमता विकास, तथ्यांक, योजना तथा विकास परिचालनको उपक्षेत्रहरू रहेको व्यहोरा प्रस्तुत गर्दछु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु,**

अव म नगरपालिकाको गत आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आय व्यय विवरण, चालु आर्थिक वर्ष २०८२/०८३ को संशोधित आय व्यय विवरण र आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेट विवरणको साथै समग्र क्षेत्रगत प्रस्तावित कार्यक्रम र बजेटलाई संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

सर्वप्रथम गत आर्थिक वर्ष २०८१/०८२ को यथार्थ तथा आर्थिक वर्ष २०८२/०८३ को संशोधित आय व्यय विवरण प्रस्तुत गर्न चाहान्छु । गत आर्थिक वर्ष २०८१/०८२ मा कूल यथार्थ आय मध्ये आन्तरिक आम्दानी तर्फ रु. ९५ लाख ११ हजार, संघीय सरकार राजश्व वांडफांड तर्फ रु.१० करोड २८ लाख ८५ हजार, प्रदेश सरकार राजश्व बांडफांड तर्फ रु. १ करोड ९७ लाख ७३ हजार, घर जग्गा रजिष्ट्रेशन तर्फ १५ लाख ८९ हजार, नेपाल सरकार वित्तीय समानीकरण तर्फ रु. १० करोड ११ लाख, संघीय सशर्त अनुदान तर्फ रु.३१ करोड २८ लाख ४४ हजार, समपूरक अनुदान तर्फ रु. १ करोड, विशेष अनुदान तर्फ रु.२७ लाख, प्रदेश सरकार वित्तीय समानीकरण तर्फ रु.७४ लाख ८२ हजार, प्रदेश सशर्त अनुदान तर्फ रु. १ करोड ८१ लाख ७४ हजार, समपूरक अनुदान तर्फ रु. ५२ लाख ९० हजार, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा तर्फ रु. १८ करोड ५० लाख, सडकवोर्ड नेपाल तर्फको रु.४० लाख , अघिल्लो आर्थिक वर्षको मौज्दात रु.४ करोड ४६ लाख गरी जम्मा रु. ८२ करोड ४९ लाख ४८ हजार यथार्थ आय भएको थियो यसैगरी चालु तर्फको यथार्थ व्यय रु.५९ करोड ९२ लाख २६ हजार र पूंजीगत तर्फको यथार्थ व्यय रु.१८ करोड

४९ लाख ९७ हजार गरी जम्मा रु. ७८ करोड ४२ लाख २६ हजार यथार्थ व्यय अनुमान गरेको छु ।

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को प्रास्तावित संशोधित बार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु ।

चालु आर्थिक वर्षमा प्रस्तावित संशोधित कूल आय मध्ये आन्तरिक आम्दानी तर्फ रु.६३ लाख, संघीय सरकार राजश्व बाँडफाड तर्फ रु. ९ करोड ६४ लाख ७८ हजार, प्रदेश सरकार राजश्व बाडफाड तर्फ रु. १ करोड ३८ लाख ४९ हजार, वन तथा विद्युत रोयल्टी तर्फ रु. ११ लाख ९१ हजार, घरजग्गा रजिष्ट्रेशन तर्फ ७ लाख ८४ हजार, नेपाल सरकार वित्तीय समानीकरण तर्फ रु.१० करोड १८ लाख ७५ हजार, संघीय सशर्त अनुदान तर्फ रु.३४ करोड ६५ लाख ९० हजार, संघीय समपूरक अनुदान तर्फ रु. १ करोड १२ लाख, प्रदेश सरकार वित्तीय समानीकरण तर्फ रु.७६ लाख ८३ हजार, सशर्त अनुदान तर्फ रु.६६ लाख ६६ हजार, समपूरक अनुदान तर्फ रु. ९३ लाख २० हजार, विशेष अनुदान तर्फ रु.१० लाख ७४ हजार, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा तर्फ रु. १८ करोड २५ लाख, सडकवोर्ड नेपाल तर्फको रु.७ लाख ८० हजार, अघिल्लो आर्थिक वर्षको मौज्दात रु.२ करोड ७६ लाख गरी जम्मा रु.८० करोड ७५ लाख ९० हजार यथार्थ संशोधित आय भएको थियो यसैगरी चालु तर्फको संशोधित व्यय रु. ५३ करोड १८ लाख १० हजार र पूंजीगत तर्फको संशोधित व्यय रु.११ करोड ५५ लाख १४ हजार गरी जम्मा रु.६४ करोड ७३ लाख २४ हजार संशोधित व्यय अनुमान गरेको छु ।

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित आय व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आगामी आर्थिक वर्षमा प्रस्तावित आयतर्फ संघीय सरकार सशर्त अनुदान तर्फ रु. ३५ करोड २५ लाख, संघीय सरकार वित्तिय समानीकरण अनुदान तर्फ रु. ११ करोड ३० लाख, संघीय सरकार राजश्व बांडफांड तर्फ रु. १० करोड ४५ लाख ५७ हजार, संघीय सरकार विशेष अनुदान तर्फ रु.१ करोड ५ लाख, संघीय सरकार समपूरक अनुदान तर्फ रु.१ करोड ८९ लाख, प्रदेश सरकार सशर्त अनुदान तर्फ रु.१ करोड १० लाख, प्रदेश सरकार वित्तिय समानीकरण अनुदान तर्फ रु.७७ लाख ६३ हजार, प्रदेश सरकार राजश्व बांडफांड तर्फ रु.१ करोड ५७ लाख ५ हजार, प्रदेश सरकार विशेष अनुदान तर्फ रु.२२ लाख, प्रदेश सरकार समपूरक अनुदान तर्फ रु.१ करोड २० लाख, आन्तरिक स्रोत तर्फ रु.८२ लाख, वन रोयल्टीबाट रु.५० हजार विद्युत रोयल्टीबाट रु.११ लाख जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा

कार्यक्रम रु.१८ करोड ५० लाख, सडकवोर्ड तर्फको रु.४० लाख गरी जम्मा रु.८५ करोड ९६ लाख ७ हजार आय प्रस्ताव गरेको छु ।

यसै गरी प्रस्तावित व्यय तर्फको कूल रु.८५ करोड ९६ लाख ७ हजार मध्ये संघीय सरकार सशर्त अनुदान तर्फको व्यय अनुमान रकम रु.३५ करोड २५ लाख प्रदेश सरकार सशर्त अनुदान रु.१ करोड १० लाख, प्रशासनिक खर्च चालु तर्फ रु.१२ करोड ५२ लाख ४७ हजार, प्रशासनीक खर्च पुंजीगत तर्फको रु.४ लाख, कृषि शाखाको निशर्त अनुदान तर्फको कार्यक्रम रु.२० लाख, पशुसेवा शाखाको निशर्त अनुदान तर्फको कार्यक्रम रु.१५ लाख, शिक्षा तथा खेलकुद शाखाको निशर्त तर्फ रु.३८ लाख, स्वास्थ्य शाखाको निशर्त तर्फ रु.५० लाख, महिला बालबालिका तथा जेष्ठ नागरिक लगायत लक्षित क्षेत्र तर्फ रु.८ लाख, उद्योग पर्यटन तथा सहकारी शाखाको निशर्त अनुदान तर्फ रु ८ लाख, नगर योजना तथा कार्यक्रम तर्फ रु. १० करोड १० लाख १० हजार, वडा योजना तथा कार्यक्रम तर्फको रु. १ करोड ८० लाख, पंजिकरण तथा अन्य क्षेत्रको रु. २ लाख ५० हजार, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फको रू.३ लाख, जेष्ठ नारिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु.१८ करोड ५० लाख, सडकबोर्ड तर्फको रु.४० लाख, संघीय सरकार विशेष अनुदान तर्फ रु.१ करोड ५ लाख, संघीय सरकार समपूरक अनुदान तर्फ रु.१ करोड ८९ लाख, प्रदेश सरकार विशेष अनुदान तर्फ रु.२२ लाख र प्रदेश सरकार समपूरक अनुदान तर्फ रु.१ करोड २० लाख गरी जम्मा रु.८५ करोड ९६ लाख ७ हजार प्रस्तावित व्यय अनुमान गरेको छु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु,**

भूमिकास्थान नगरपालिकाको समग्र बजेटबाट संचालित कार्यक्रम तथा बजेटको विस्तृत विवरण यहांहरु समक्ष उपलब्ध गराई सकेको व्यहोरा अनुरोध गर्दछु । उपलब्ध विवरणहरुमा नगरको सारांश आय व्यय विवरण, प्रशासनिक खर्च, संघीय सरकारबाट प्राप्त सशर्त बजेटबाट संचालित कार्यक्रमको विस्तृत विवरण, संघीय समपूरक र विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु, प्रदेश सशर्त, समपूरक र विशेष अनुदानबाट संचालित कार्यक्रमको विवरण, विषयगत क्षेत्र तथा शाखाबाट संचालित कार्यक्रमहरु, नगर योजना तथा कार्यक्रम र वडा स्तरीय योजना तथा कार्यक्रमहरु समावेश गरिएको छ ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु,**

अन्त्यमा यो बजेट तथा कार्यक्रम तयार गर्ने अवधिसम्म आईपुग्दा सृजनात्मक, सकरात्मक एवं रचनात्मक सहयोग गर्ने र सुझाव उपलब्ध गराउनु हुने श्रद्धेय नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, स्रोत

अनुमान तथा सीमा निर्धारण समितिका सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जूमा समितिका सदस्य ज्यूहरु, विभिन्न विषयगत समितिका सदस्यज्यूहरु, विभिन्न टोलवस्तीका समूदाय, वडा स्तरमा सहभागी बुद्धिजीविहरु, कर्मचारी मित्रहरु आम नागरिक, संचार माध्यम, विद्यालयका शिक्षक शिक्षिकाहरु, विभिन्न संघ-संस्था, NGO/INGO लगायत सवैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै योजना तर्जुमाको चरणमा जस्तै कार्यान्वयनको चरणमा समेत जनप्रतिनिधिज्यूहरु लागयत सरोकारवालाहरुको सक्रिय, प्रत्यक्ष र अर्थपूर्ण सहभागिता रहनेमा म विश्वस्त छु । प्रस्तुत बजेटलाई सबै सदस्यज्युहरुको ओजपूर्ण एवं गरिमामय सहभागिता र छलफल वाट पास गर्नु हुनेछ भन्ने अपेक्षाका साथ छलफलमा सहभागिताको लागि सबै प्रति अनुरोध गर्दै विदा हुन्छु ।

**धन्यबाद ।**

**बालकृष्ण बन्जाडे**
उप-प्रमुख
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति